# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश
## तौलिहवा, कपिलवस्तु

प.सं. : ०७८/०७९
चलानी नम्बर : ८६६

मिति २०७८/०७/३०

**रोजगारीमा संलग्न हुनका लागि सर्म्पक गर्ने सम्बन्धमा ।**

रोजगारीको हक संम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजीम यस आर्थिक बर्ष २०७८/०७९ को लागी कपिलवस्तु नगरपालिकाको रोजगार सुचना व्यवस्थापन प्रणालीमा सूचिकृत बेरोजगार व्यक्तिहरु मध्येवाट रोजगार सेवा केन्द्र कपिलवस्तु नगरपालिकाको समन्वयमा प्रदान गरिने अधिकतम १०० दिन बराबरको रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक नगरपालिकामा सूचिकृत बेरोजगार व्यक्तिहरुले २०७८ मंसीर ८ गते भित्र आफू स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा सर्म्पक गर्नुहुन अनुरोध छ ।

**न्युनतम रोजगारीमा संलग्न हुनका लागि चाहिने आधारहरु:**

१) रोजगार सुचना व्यवस्थापन प्रणालीमा बेरोजगार व्यक्तिको नाम प्रविष्ट भएको हुनुपर्ने छ ।

२) रोजगारीमा खटाउँदा रोजगार व्यवस्थापन सूचना प्रणाली अनुसार प्राथमिकता सूचिका आधारमा रोजगारीमा संलग्न गराईनेछ ।

३) रोजगार सुचना व्यवस्थापन प्रणालीमा प्रविष्ट भएका व्यक्तिहरुको नामावली सम्बन्धित वडा कार्यालयमा उपलव्ध रहेको छ ।

**बोधार्थ:**

१) श्री वडा कार्यालय सबै ।

२) श्री सुचना प्रविधि शाखा: वेवसाइटमा अपलोड गरिदिनुहुन ।

सुरेश बराली
रोजगार संयोजक